लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भलाद्मी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.:- ०८३/०८४
च.नं.:-

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२६

## औद्योगिक प्रयोजनका लागि व्यवसायिक आलु उत्पादन कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

यस लिखु गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८३/०८४ को संघीय सरकारबाट सशर्त वित्तीय हस्तान्तरण चालु कार्यक्रम अनुसार "**औद्योगिक प्रयोजनका लागि व्यावसायिक आलु उत्पादन कार्यक्रम**" सञ्चालन गर्नको लागि रु. १०,००,०००।–( अक्षरेपी दश लाख मात्र।) अनुदान रकम अधिकतम सिमा ५०% उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ईच्छुक आवेदकहरुले (कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी/कृषि फर्म) **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (प्रथम संशोधन,२०८३) को दफा-२३ को उप-दफा-१"** बमोजिमका यसैसाथ संलग्न क्रियाकलापहरु सञ्चालन गर्नको लागि यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र तोकिएको ढाँचामा निवेदन र तपशिलमा उल्लेखित कागजात संलग्न राखी यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ।साथै, रीतपूर्वक तोकिएको समयमा दर्ता हुन नआएका आवेदनहरु दर्ता गरिने छैनन्। यस सम्बन्धी थप जानकारीको लागि ९८६१५३५००५ मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजातः**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

२. कार्यसमितिको निर्णय (समूह, सहकारी र कृषि उद्यमीको हकमा) को प्रतिलिपि,

३. वडा कार्यालयको सिफारिस पत्र,

४. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी,

५. संस्थाको करचुक्ता र स्थायी लेखा नम्बरको प्रतिलिपि,

६. कार्यक्रम मार्फत आलु विस्तार हुने जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी,

७. कार्यक्रम माग सम्बन्धी निवेदन र निवेदकको नागरिकताको प्रतिलिपि र संस्थाको छाप,

८. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोही प्रयोजनको लागि अनुदान/सहयोग लिए/नलिएको स्वघोषणा/प्रतिबद्धता।

२०८३/०६/२६

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत


ईमेलः likhu.nuwakot@gmail.com, info@likhunuwakot.gov.np
वेभसाइटः likhunuwakot.gov.np

"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ (प्रथम संशोधन,२०८३) को दफा-२३ को उप-दफा-१" बमोजिमका क्रियाकलपाहरुको सूची/औद्योगिक प्रयोजनका लागि व्यावसायिक आलु उत्पादन कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ.-

क) उन्नत बीउ उत्पादन, शुक्ष्म खाद्य तत्त्व, बाली संरक्षण, कृषि औजार एवम् उपकरण,

ख) साना सिँचाई निर्माण,

ग) क्षमता अभिवृद्धि तालिम तथा अभिमूखिकरण कार्यक्रम।

<u>उप-दफा-१ बमोजिमको कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछः</u>

क) हरेक स्थानीय तहले प्रति क्लष्टर न्यूनतम् ५ (पाँच) हेक्टर (१०० रोपनी/१५० कठ्ठा) मा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ख) उद्योगहरुलाई आवश्यक पर्ने उपयुक्त जातको आलुको खेती गर्नुपर्नेछ।

ग) उद्योगहरुसँग खरिद बिक्री सम्झौता गरी आलु उत्पादन तथा खरिद कार्य गर्न सकिनेछ।

घ) खरिद बिक्री सम्झौता अनुसार उद्योगले उत्पादक कृषकलाई आवश्यक सहयोग गर्न सक्नेछ।

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भलाद्मीडाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७२

मितिः- २०८३/ /

<u>स्वघोषणा/प्रतिबद्धता सम्बन्धमा।</u>

श्रीमान् कार्यालय प्रमुखज्यू,
लिखु गाउँपलिका, नुवाकोट।

म/ हामी, हाम्रो संस्थाको तर्फबाट यो स्वीकार गदछौं कि, मेरो/हाम्रो ज्ञान बुद्धिले जानेसम्म यो फाराममा उल्लेख गरिएका विवरण/ तथ्यहरु सत्य छन्। माथिका विवरण/तथ्यहरु हामीले जानिजानी फरक पार्न खोजेको ठहरिएमा हाम्रो आवेदन छनौट प्रकृयामा समावेश हुने छैन भन्ने कुरा मैले/हामीले राम्ररी बुझेको छु/बुझेका छौ। हामीले पेश गरेको आवेदन प्रस्ताव स्वीकृत भएमा कार्यालयको नीति, नियम, सम्झौता तथा शर्त पालना गरी कार्यान्वयन गर्दछौं वा गर्नेछु। प्रस्तावित लगानी कार्यक्रमको लागि अन्य दाताहरुबाट अनुदान प्राप्त नगरेको र प्राप्त गर्न पहल नगरेको स्वघोषणा समेत गर्दछौं वा गर्नेछुँ।

<u>संस्थाको तर्फबाटः-</u>

नाम,थरः-

पद/दर्जाः-

छापः-

सम्पर्क नं.

| दायाँ | बायाँ |
| --- | --- |
| | |

<u>आवेदकले पेश गर्नुपर्ने निवेदनको ढाँचा</u>

श्रीमान् कार्यालय प्रमुखज्यू,
लिखु गाउँपालिका, नुवाकोट।

विषयः- <u>"औद्योगिक प्रयोजनका लागि व्यावसायिक आलु उत्पादन कार्यक्रम माग गरिएको सम्बन्धमा ।</u>

महोदय,

तहाँ कार्यालयबाट मिति.....................................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको "**<u>औद्योगिक प्रयोजनका लागि व्यवसायिक आलु उत्पादन कार्यक्रम</u>** को उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक /वस्तुगत/लागत साँझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराईदिनहुन अनुरोध गर्दछौं/छु।

<u>तपसिलः-</u>

१०. अनुदानग्राहीको नाम,थरः-
११. ठेगानाः-
१२. स्थानीय तह/प्रदेशः-
१३. वडा नं.
१४. कार्यक्रमको नामः-
१५. कार्यक्रमको उद्देश्यः-
१६. अनुदान रकम आवश्यक पर्नुको कारणः-
१७. सञ्चालन गरिने कार्यक्रमः- क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
१८. कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः-
१०. कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः-
११. कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः-
१२. कार्यक्रमबाट लाभान्वित जनसंख्याः-

<u>निवेदकः-</u>

कृषक समूह/सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः-
नामं,थरः-
पदः-
सम्पर्क नं.:-
मितिः-
संस्थाको छाप